आज मिति २०७४।६।१०गते यस दार्मा गाउँपालिकाका अध्यक्ष श्री निम बहादुर के.सी. को अध्यक्षतामा यस गाउँ कार्यपालिकाको बैठक बसी निम्न लिखित प्रस्तावहरु माथि छलफल गरी निर्णय पारित गरियो।

## उपस्थितिहरु

१। श्री निम बहादुर के.सी. (अध्यक्ष)
२) श्री टिका वली (शर्मा) (उपाध्यक्ष)
३) श्री बसुन्धरा पुन (कार्यकारि ~~प्रमुख~~ अधिकृत)
४) श्री राम बहादुर के.सी. (वडाध्यक्ष वडा नं. ५)
५) श्री दुर्गा बहादुर मल्ल ( ,, ,, ,, ६)
६) श्री कवि कुमार चन्द ( ,, ,, ,, १)
७) श्री डिल्ली बहादुर के.सी. ( ,, ,, २)
८) श्री सेतीराम रोकाहा ( ,, ,, ३)
९) श्री चन्द्र बहादुर रावत ( ,, ,, ४)
१०। श्री धानीराम नेपाली (कार्यपालिका सदस्य)
११) श्री जुना मल्ल चन्द ( ,, ,, ,, )
१२) श्री देवी खत्री ( ,, ,, ,, )
१३) श्री शान्तराम कामी ( ,, ,, ,, )
१४) श्री अमृता वि.क. ( ,, ,, ,, )
१५) श्री मञ्जु शाही ( ,, ,, ,, )
१६) श्री अमृत खड्का (प्रा० स०) कृषि विकास शाखा
१७) श्री प्रकाश खड्का (अ.स.ई. योजना शाखा)
१८। श्री [illegible] बहादुर बढाथोकी (अ.स्वी.नि. स्वास्थ्य)

## प्रस्तावहरु

प्र.नं.१ - दशैं विशेष कार्यक्रम सम्बन्धमा।
,, २ - निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम सम्बन्धमा।
,, ३ - गाउँपालिका भवन निर्माण शिर्षकबाट डि.पि.आर. सम्बन्धमा
,, ४ - योजना परिमार्जन सम्बन्धमा।
,, ५ - सडक मर्मत प्रगति सम्बन्धमा।
,, ६ - स्वास्थ्य र भेटेरनरी औषधी खरिद सम्बन्धमा।
,, ७ - समवेदना प्रकट सम्बन्धमा।

## निर्णयहरु

प्रस्ताव नं. १- उपर छलफल गर्दा वडादशैं तथा शुभ दिपावली २०७४को पावन अवसरमा शुभकामना आदान प्रदान, प्रसारण, शान्ति सुरक्षा अमन चैन, सामाजिक सद्भाव कायम राख्न आवश्यक पहल कदमी लिने निर्णय गरियो।

प्रस्ताव नं. २- उपर छलफल गर्दा निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम अन्तर्गत उपलब्ध हुने रकम बिधुतिकरण, लाईन प्रसारण मौलोहाल्ने रातामाटा, फाल्ला र गाउँ पालिकाबाट छुट्याइएको विधुतिकरण अन्तर्गतको रु ४५,०००००।- रकम वाङ्गेलौखुरी, च्याउले, ज्यामिरेचौर, फाल्लाचौर मा प्रसारण लाइन बिस्तार ~~गर्ने~~ गर्न बिनियोजन गरी कार्यान्वयन गर्ने निर्णय गरियो।

प्रस्ताव नं. ३ उपर व्यापक छलफल गर्दा गाउँ पालिका भवन निर्माण शिर्षकबाट आवश्यक रकम छुट्याई गा.पा. भवनको लागि डि.पि.आर. गर्ने निर्णय गरियो।

प्रस्ताव नं ४- उपर छलफल गर्दा यस गा.पा.को कार्यालयमा प्राप्त भएका परिमार्जन सम्बन्धि योजनाहरुको आवश्यक अध्ययन गरी अर्को बैठकबाट योजनाहरु परिमार्जन ~~गरी~~ गर्ने निर्णय गरियो। साथै बिनियोजित रकम १९ लाखको मुल्नेरा, ढाकाडाम कोट, साङ्गा, म्यारिवाङ, फाल्ला, र तिमिल ~~प्रस्ताव~~ कोँडा सडक खण्डलाई बिभाजन गरी मुलनेरा, साङ्गा, फाल्ला सडक खण्डको लागि रु १००००००।- (अक्षरुपी दश लाख) र फाल्ला-पुछाफल तिमिलकोँडा सडक खण्डको लागि रु ९०००००।- (अक्षरुपी नौ लाख) बिनियोजन गरी योजना कार्यान्वयन गर्ने निर्णय गरियो।

प्रस्ताव नं. ५- सडक मर्मत प्रगति सम्बन्धमा हाम्रो गा.पा.को अध्यक्ष सहितको कार्यपालिकाको प्राविधिक टोली, सम्बन्धित वडाका वडा अध्यक्ष र उपभोक्ता समितिको अध्यक्ष सहितको टोलीले अनुगमन गरी सडक मर्मत प्रगतिको समिक्षा गर्ने निर्णय गरियो।

प्रस्ताव नं. ६. उपर छलफल स्वास्थ्य सम्बन्धि शसर्त अनुदान अन्तर्गत औषधी खरिद गर्न छुट्याइएको रकम रु ३१०००० (अक्षरुपी तिन लाख दश हजार) र भैरहेनेपीमा औषधी खरिद गर्न छुट्याइएको कुल रकम बाट एक मुष्ट औषधी खरिद गर्ने निर्णय पारित गरियो।